**मिति २०७८ कार्तीक ५ गते बसेको मर्स्याङदी गाउँ कार्यापालिकाको ८८ औं बैठकका निर्णयहरु :**

१) आ.व.२०७८/०७९ को लागि संघिय खानेपानी मन्त्रालयबाट विनियोजित रु.३० लाखको खानेपानी योजनाको लागि निम्न योजनाहरु सिफारिश गर्ने निर्णय गरियो ।

१. उस्ता खानेपानी योजना, मर्स्याङ्दी -७

२. नयाँगाउँ खानेपानी योजना, मर्स्याङ्दी -७

३. थालाजुङ, बडारविसौना, खोरियाखेत खानेपानी योजना, मर्स्याङ्दी -५

२) नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको प.स.क.प्र.२०७५/०७६ च.न मिति २०७५/०१२/१०,को पत्र र कर्मचारी समायोजन ऐन २०७५ को दफा ७ बमोजिम नेपाल शिक्षा सेवा ,शिक्षा प्रशासन समुह, निरिक्षण उपसमुह , शाखा अधिकृत अधिकृतस्तर आठौं तह पदमा यस मर्स्याङ्दी गाउँपालिकाको कार्यालयमा समायोजन हुनु भई कामगरी रहनुभएका श्री देवराज पौडेलको व्यक्गित विवरण(सिटरोल)मा उल्लेखित जन्ममिति २०२०/०७/२४ अनुसार मिति २०७८/०७/२३ गते ५८ बर्ष पुरा अनिवार्य अवकास हुने भएकाले उक्त रिक्त हुनेपदमा क्व्होलसोथार गाउँपलिकामा शिक्षा सेवा ,शिक्षा प्रशासन समुह, अधिकृतस्तर छैठैं तहको अधिकृत पदमा कार्यरत श्री राजिव सुवर्णकारलाई (क.स.न. २३९००२) यस गाउँपालिकामा आउनको लागि सरुवाको सहमति दिने निर्णय गरियो ।

३) बढ्दो अजैविक फोहोरमैलाको व्यवस्थापनलाई ध्यानमा राखदै सफा मर्स्याङ्दी गाउँपालिका अभियानलाई सकार वनाउनको लागि गाउँपालिका भित्रको क्षेत्रमा प्लेट ,चम्चा ,ग्लास जस्ता प्लाष्टिक साम्रागीहरुको प्रयोगमा पूर्ण रुपमा नियन्त्रण गर्नको लागि स्थानीय प्रकृतिक सोत साधनको प्रयोग गरी दुना टपरी वनाउनको लागि सूचना प्रकासन गरी इछुक आमा समुह, कलवलाई सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्वन्धी खर्च (२२५१२०) अर्न्तगत सिपमुलक तथा क्षमता विकास तालिम उपशिर्षक अर्न्तगत खर्च हुने गरी तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

४) संस्थागत सुत्केरी गराउनको लागि घरबाट स्वास्थ्य चौकी र स्वास्थ्य चौकीबाट घरसम्म सुत्केरीहरुलाई निशुल्क यातायातको सुविधा उपलब्ध गराउने निर्णय गरियो । स्थानिय स्वास्थ्य चौकीमा उपचार हुन नसक्दा बेसिशहर सम्म समेत निशुल्क यातायात सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

५) आ.व. २०७८/०७९को नीति तथा बजेट कार्यक्रम अर्न्तगत बडा नं. ४मा निर्माण हुने वडा कार्यालयको भवन निर्माणको लागि मर्स्याङ्दी गाउँपालिका वडा नं. ४ को वडा कार्यालयको प.स. २०७८/७९ च.नं. १०३ मिति २०७८/०७/०४ को ताधिङ स्वास्थ्य चौकीको नाममा रहेको कित्ता नं. १६४ को क्षेत्रफल ४-०-०-३ मा वनाउने निर्णय भई आएको हुन्नाले सोही निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

६) बृहत मर्स्याङ्दी खानेपानी योजनाको लागि मर्स्याङ्दी गाउँपालिकाका सवै वडाहरु वाट प्राप्त तपसिल बमोजिमका खानेपानी योजनाहरु नेपाल सरकार, खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभागमा सिफारीस गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | खानेपानी योजनाको नाम | वडा नं | नयाँ निर्माण / मर्मत |
|---|---|---|---|
| १ | कलोंबेसी खा.पाथप योजना | म.गा.पा. १ | नयाँ निर्माण |
| २ | सेने खा.पाथप योजना | म.गा.पा. १ | नयाँ निर्माण |
| ३ | सेल्को खा.पा योजना | म.गा.पा. १ | नयाँ निर्माण |
| ४ | सैत्कों खा.पा योजना | म.गा.पा. १ | नयाँ निर्माण |
| ५ | वाल्क्यू खा.पाथप योजना | म.गा.पा. १ | नयाँ निर्माण |
| ६ | काफलडाँडा खा.पा योजना | म.गा.पा. १ | नयाँ निर्माण |
| ७ | फैकों खा.पा योजना | म.गा.पा. १ | नयाँ निर्माण |
| ८ | नायुँ, घनपोखरा खा.पा बृहत मर्मत योजना | म.गा.पा. १ | मर्मत |
| ९ | ल्फोल्फो कयू खानेपानी योजना | म.गा.पा. २ | नयाँ निर्माण |
| १० | प्रोवी खानेपानी योजना | म.गा.पा. २ | नयाँ निर्माण |
| ११ | जिम्दो खानेपानी योजना | म.गा.पा. ३ | नयाँ निर्माण |
| १२ | चिप्लेटी ठुलो खोला खानेपानी योजना | म.गा.पा. ३ | नयाँ निर्माण |
| १३ | मिप्रा खोपानी तथा ढल निकास आयोजना | म.गा.पा. ४ | मर्मत |
| १४ | उपल्लो ताधिङ तथा छापा खानेपानी आयोजना | म.गा.पा. ४ | मर्मत |
| १५ | निउरी खानेपानी निर्माण सुधार र प्रणाली | म.गा.पा. ५ | मर्मत |
| १६ | टयाङ्की निर्माण अन्य सुधार प्रणाली | म.गा.पा. ५ | मर्मत |
| १७ | तल्लो चिप्ला टयाङ्की निर्माण अन्य सुधार प्रणाली | म.गा.पा. ५ | मर्मत |
| १८ | खानेपानी टयाङ्की निर्माण अन्य सुधार प्रणाली | म.गा.पा. ५ | मर्मत |
| १९ | छिचु घेर्मु, टयाङ्की निर्माण खानेपानी सुधार प्रणाली | म.गा.पा. ५ | मर्मत |
| २० | चोहो खानेपानी टयाङ्की निर्माण अन्य सुधार प्रणाली | म.गा.पा. ५ | मर्मत |
| २१ | लिलि खोरिया खेत टयाङ्की निर्माण खानेपानी सुधार प्रणाली | म.गा.पा. ५ | मर्मत |
| २२ | थाल्जुङ/वडाल विसौना टयाङ्की निर्माण खानेपानी सुधार प्रणाली | म.गा.पा. ५ | मर्मत |
| २३ | साङ्गे छोयलिङ गुम्वा खानेपानी योजना | म.गा.पा. ५ | नयाँ निर्माण |
| २४ | निउरी खानेपानी निर्माण सुधार र प्रणाली | म.गा.पा. ५ | मर्मत |
| २५ | वाइसथोप्ले,फैजरा र कामिटारमा एक घर एक धारा खानेपानी | म.गा.पा. ६ | नयाँ निर्माण |
| २६ | थाल्जुङ खोला मुहान मर्मत | म.गा.पा. ६ | मर्मत |
| २७ | कालढुङगा मुहान मर्मत | म.गा.पा. ६ | मर्मत |
| २८ | नाइचे एक घर एक धाराको साथै मुहान मर्मत | म.गा.पा. ६ | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| २९ | ओखनेरी खानेपानी योजनाको भिरपुस्तुन देखि मैढुङगा सम्म पाइप फेर्नु पर्ने | म.गा.पा. ६ | मर्मत |
| ३० | डमडरे खानेपानी योजनाको मुहान मर्मत | म.गा.पा. ६ | मर्मत |
| ३१ | गैरी खर्क देखि दवीस्थान मन्दिर सम्म खानेपानी योजना | म.गा.पा. ६ | नयाँ निर्माण |
| ३२ | सिरुबारी खानेपानी योजना | म.गा.पा. ७ | मर्मत |
| ३३ | तराञ्चे वालुवा खानेपानी योजना | म.गा.पा. ७ | मर्मत |
| ३४ | ताङ्लिचोक खानेपानी योजना | म.गा.पा. ७ | मर्मत |
| ३५ | डादी खानेपानी योजना | म.गा.पा. ७ | नया निर्माण |
| ३६ | नयाँगाउँ खानेपानी योजना | म.गा.पा. ७ | नयाँ निर्माण |
| ३७ | उस्तावेसी उपल्लो डादी खानेपानी योजना | म.गा.पा. ७ | नयाँ निर्माण |
| ३८ | उस्ता खानेपानी योजना | म.गा.पा. ७ | नयाँ निर्माण |
| ३९ | छिनखोला खानेपानी योजना | म.गा.पा. ७ | नयाँ निर्माण |
| ४० | लुदी खानेपानी योजना | म.गा.पा. ७ | नयाँ निर्माण |
| ४१ | ताराचोक सेरा खानेपानी योजना | म.गा.पा. ७ | गोरखा वेल्फेयर बाट निर्माणधिन |
| ४२ | सिमलचौर खानेपानी योजना | म.गा.पा. ८ | मर्मत |
| ४३ | नन्देश्वारा खानेपानी योजना | म.गा.पा. ८ | मर्मत |
| ४४ | भुलभुले , भुष्मे ,रिङ्टाङ खानेपानी योजना | म.गा.पा. ८ | वाकी काम सम्पन गर्ने |
| ४५ | सिम्पानी खानेपानी योजना | म.गा.पा. ९ | वाकी काम सम्पन गर्ने |

७) यस मर्स्याङ्दी गाउँपालिकाको एक मात्र फोहोरमैला व्यवस्थापन केन्द्र सम्म जाने मोटर वाटो गत असारमा आएको बाढी पहिरोले बगाएको हुँदा उक्त फोहोरमैला संकलन केन्द्रसम्म जाने मोटर सडक प्राविधिक ल.ई.को आधारमा विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने गरि निर्माण गर्ने निर्णय गरियो ।

८) यस मस्याङ्दी गाउँपालिका भित्र रहेका माध्यमिक विद्यालयमा समाजमा घटने सामाजिक बिकृती कुसंकार लगायतको वारेमा कानुनी सचेतना कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

९) ल्याबमा कार्यरत ल्याब एसिटेन्ट र कोभिड अस्पतालको स्टाफ नर्सहरुलाई ५० प्रतिशत जोखिम भत्ताा उपलब्ध गराउने निर्णय गरियो साथै सवै स्वास्थ्य ईकाईहरुलाई २०७८ साउन १ गते देखि लागु हुने गरि मासिक रु.११,०००।- का दरले अनुदान दिने निर्णय गरियो ।

१०) विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको विभिन्न धार्मिक, सांस्कृतिक, साहित्यिक, महोत्सव, दिवस सम्बन्धी खर्च शिर्षकबाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

- कन्यादेवी यूवा क्लव, मर्स्याङ्दी -४, रु. २५,०००।-
- अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी) रु. १०,०००।-
- जिल्ला प्रहरी कार्यालया, लमजुङ रु.३०,०००।-
- सशस्त्र प्रहरी बल, नेपाल आश्रीत गुल्म, लमजुङ रु.३०,०००।-
- मर्स्याङ्दी -४, जगतमा अस्थायी प्रहरी चौकी स्थापना गर्न आवश्यकता अनुसार व्यवस्थापन खर्च उपलब्ध गराउने निर्णय ।

११). विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको विपद् व्यवस्थापन कोषबाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

- मार्च भिर तारबार, मर्स्याङ्दी -२ रु.१,५०,०००।-

Scanned with CamScanner